# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७३/११/१९ गते

## प्रेस विज्ञप्ति

**विषय: भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, यातायात व्यवस्था विभाग मिनभवन, काठमाण्डौंका शाखा अधिकृत अर्जुन प्रसाद रिजाललाई घुस रकम सहित नियन्त्रणमा लिईएको।**

---

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, यातायात व्यवस्था विभाग मिनभवन, काठमाण्डौका शाखा अधिकृत अर्जुन प्रसाद रिजालले महा नेपाली मोटर ड्राइभिङ सेन्टर सोह्रखुट्टेको दर्ता गर्ने प्रयोजनका लागि विभिन्न बहानामा घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टंगालबाट खटिई गएको टोलीले निज शाखा अधिकृत अर्जुन प्रसाद रिजाललाई रु.२५,०००।- (पच्चिस हजार) घुस रकम लिंदै गर्दाको अवस्थामा निजको कार्यालय परिषर भित्रैबाट घुस रकम सहित नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता